जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १२९ ❑ २०८३ वैशाख ३० गते बुधबार ❑ Wednesday, 13 May 2026 ❑ मूल्य ७ /-




**बाल मनोबिज्ञान बुझ्नु जरूरी !**

✍ ओमप्रकाश गौतम

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

**हाम्रा उपलब्ध डाक्टरहरु**

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।


# एसईई नतिजामा नयाँ रेकर्ड, २९ दिनमै सार्वजनिक

◆ देशभबाट ६५.९८ प्रतिशत ◆ झापामा ७० प्रतिशत ◆ दमकमा ८८ प्रतिशत ग्रेड





✍ पूर्वसन्देश समाचार

**दमक**/राष्ट्रिय परीक्षा बोर्डले एसईईको नतिजा प्रकाशनमा नयाँ रेकर्ड कायम गरेको छ। माध्यमिक शिक्षा परीक्षा (एसईई) को सोमबार सार्वजनिक नतिजा २९ दिनमा सार्वजनिक भएको हो। यस पटकको एसईईको नतिजा छिटो पनि आयो र सुधारिएर पनि आएको छ। राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको (एसईई) को नतिजा अनुसार ६५.९८ प्रतिशत विद्यार्थीले ग्रेड गरेका छन् । गत वर्षको तुलनामा ४.१७ प्रतिशतले सुधार भएर आएको हो । कुल ४ लाख ३० हजार ६६७ विद्यार्थीमध्ये ६५.९८ प्रतिशत विद्यार्थीले ग्रेड अर्थात् उत्तीर्ण भएका छन् । भने १ लाख ४६ हजार ५०७ जना विद्यार्थीहरू 'नन–ग्रेडिङ' मा परेका छन् ।

सार्वजनिक नतिजाअनुसार २.८ देखि ३.२ जीपीए ल्याउने ९४ हजार २२२ विद्यार्थी रहेका छन् । यसैगरी, ३.२ देखि ३.६ जीपीए ल्याउने ८० हजार ३७२, ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ४८ हजार ३९२, २.४ देखि २.८ जीपीए ल्याउने ५५ हजार ९७७ विद्यार्थी रहेका छन् ।

त्यस्तै २ देखि २.४ जीपीए ल्याउने ५ हजार १९०, १ देखि २ जीपीए ल्याउने विद्यार्थी रहेको परीक्षा बोर्डले जनाएको छ ।

त्यसैगरी, प्रदेशगत रूपमा कोशी ५० हजार ८९० जना विद्यार्थी उत्तीर्ण भएका छन् । यस्तै, मधेश ४४ हजार ५९२ जना, बागमती ७७ हजार ११३ जना, गण्डकी २६ हजार ५५० जना, लुम्बिनी ४४ हजार २५६जना, कर्णाली १९ हजार ०९५ जना र सुदूर पश्चिम २१ हजार ६६४ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

**२९ दिनमानै नतिजा**

यस पटक परीक्षा सकिएको २९ दिनमानै परीक्षा फल सार्वजनिक भएको हो । शिक्षामन्त्री सस्मित पोखरेलले परीक्षा केन्द्रमै उत्तर पुस्तिका परीक्षण गर्ने व्यवस्थालगायतका सुधारात्मक प्रयासका कारण समयमै एसईईको नतिजा प्रकाशन गर्न सम्भव भएको बताएका छन् । बाँकी 4 पेजमा ▸▸

## दमकका विद्यालयको एसईई नतिजाः संस्थागत विद्यालय उत्कृष्ट

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को नतिजाअनुसार दमक नगरपालिका क्षेत्रका अधिकांश संस्थागत विद्यालयले उत्कृष्ट नतिजा हासिल गरेका छन् । सार्वजनिक तथ्यांकअनुसार धेरै संस्थागत विद्यालयले शतप्रतिशत नतिजा ल्याएका छन् भने सामुदायिक विद्यालयको नतिजा मिश्रित देखिएको छ ।

संस्थागत विद्यालयतर्फ एभरेष्ट बोर्डिङ हाई स्कुल दमक-८, सिद्धार्थ बोर्डिङ माध्यमिक विद्यालय दमक-७, चुलाचुली इङ्लिस बोर्डिङ माध्यमिक विद्यालय दमक-१, ब्राइटर स्टार इङ्लिस स्कुल दमक-९, झापा मोडल इङ्लिस सेकेन्डरी स्कुल दमक-८, पाथिभरा अङ्ग्रेजी माध्यमिक विद्यालय दमक-४, अक्सफोर्ड इंग्लीस सेकेण्डरी स्कुल दमक-३, दमक आदर्श बोर्डिङ स्कुल दमक-८ तथा एकता एकेडेमी इङ्लिस स्कुल दमक-४ ले शतप्रतिशत नतिजा ल्याएका छन् । यसैगरी विद्यालक्ष्मी सेकेन्डरी इङ्लिस स्कुल दमक-४, एलाइट इङ्लिस स्कुल दमक-८, ड्रिमल्याण्ड इङ्लिस स्कुल दमक-५, सनराईज मोडल स्कुल दमक-२, सर्वोदय इग्लिस बोर्डिङ मा.वि. दमक-५, रोजएट ब्राइट इन्टिच्युट दमक-८, शिखरज्योति ई स्कुल दमक-८, सामश्री एकाडेमी दमक-९, र हिमज्योति ई बोर्डिङ स्कुल दमक-९ ले पनि सतप्रतिशत नतिजा हात पारेका छन् ।

संस्थागत विद्यालयमध्ये ग्लोबल एजुकेशनल एकेडेमी दमक-६ मा १०३ जना परीक्षार्थीमध्ये १०२ जना उत्तीर्ण भई ९९.०३ प्रतिशत नतिजा आएको छ भने मेची आवासीय मावि दमक-५ ले ९७.२२, सुर्योदय अंग्रेजी मावि दमक-६ ले ९७.८७, प्रजिता एजुकेशन एकेडेमी दमक-१ मा ५६ मध्ये ५२ जना उत्तीर्ण भई ९१.३० प्रतिशत नतिजा आएको छ । ग्रीनवे एजुकेशन एकेडेमी दमक-५ ले ९७.२२ प्रतिशत, नेपाल जापान फ्रेन्डसिप स्कुलले ९०.४५ प्रतिशत तथा श्री इन्सपावर इङ्लिस स्कुल दमक-१ ले ७७.७८ प्रतिशत, सेन्कु पब्लिक स्कुल दमक-१, ले ८३.३३, गायत्री विद्यापिठ दमक-६ ६९.२३, मदरल्याण्ड इंग्लिस स्कुल दमक-५ ले ९६.००, नरेन्द्र मेमोरियल इंग्लीस सेकेण्डरी स्कुल दमक-३ ७५.००, समता स्कुल मेची दमक-९, ६६.६७ ग्रेडेड प्रतिशत नतिजा निकालेका छन् ।

सामुदायिक विद्यालयतर्फ हिमालय माध्यमिक विद्यालय दमक-२ (प्राविधिक धार), सरस्वती माध्यमिक विद्यालय दमक-१ (प्राविधिक धार) र सिद्धदेवी माध्यमिक विद्यालय दमक-१० ले शतप्रतिशत नतिजा ल्याएका छन् । यद्यपि केही विद्यालयको नतिजा कमजोर देखिएको छ । कञ्चनजंगा माध्यमिक विद्यालय दमक-३ मा बाँकी 4 पेजमा ▸▸

# नाकाको सुरक्षा व्यवस्थामा कडाई

## प्रवेशमा परिचय पत्र अनिवार्य

**बिराटनगर**/ भारतबाट जोगवनी हुँदै नेपाल प्रवेश गर्ने नाकामा सुरक्षा व्यवस्था अत्यन्तै कडा पारिएको छ। मोरङ प्रशासनले सीमा सुरक्षालाई थप चुस्त बनाउन र अवैध गतिविधि नियन्त्रण गर्न मंगलबारदेखि नेपाल प्रवेश गर्ने हरेक व्यक्तिका लागि अनिवार्य परिचयपत्र वा विश्वासिलो आधार पेस गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरेको हो ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाका अनुसार केही दिनअघिदेखि सुरु गरिएको यो व्यवस्थालाई मंगलबारबाट नियमित गराईएको हो । कोइरालाका अनुसार दुई देशको सिमानामा हुने अवैध घुसपैठ र गैरकानुनी गतिविधि नियन्त्रण गर्न यो प्रक्रिया थालिएको हो । सुरक्षा व्यवस्थालाई थप व्यवस्थित बनाउन आज मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलसहितको टोली स्वयं नाकामा उपस्थित भएर चेकजाँचको अनुगमन गरेको थियो । नाकामा सशस्त्र प्रहरी र जनपद प्रहरीको संयुक्त टोली परिचालन गरिएको छ भने सुरक्षा जाँचका लागि दुईवटा तालिमप्राप्त कुकुरको समेत प्रयोग गरिएको छ । विशेष गरी भारतको पश्चिम बंगालस्थित मालदह क्षेत्रमा रोहिंग्या समुदायको बाक्लो बसोबास रहेको र त्यहाँको चुनावी नतिजापछि ती समुदायका व्यक्तिहरू अन्यत्र बसाइसर्न थालेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। कलकत्ताबाट जोगवनी सम्म साताको तीन दिन रेल आउने भएकाले ती दिनहरूमा रोहिंग्याहरू नेपाल छिर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै सुरक्षाकर्मीले विशेष सतर्कता अपनाएको अनुमान गरिएको छ ।

सप्रजिअ कोइरालाले सीमा क्षेत्रमा हुने अन्य अपराध न्यूनीकरणका लागि पनि यो जाँच प्रभावकारी हुने जनाए । प्रशासनले भारततर्फ जाने वा नेपाल फर्कने सम्पूर्ण नेपाललाई अनिवार्य रूपमा आफ्नो परिचयपत्र साथमा बोक्न र प्रहरी प्रशासनलाई सहयोग गर्न आग्रह गरेको छ। चेकजाँचमा कडाइ गरिएपछि सीमा क्षेत्रमा हुने अनावश्यक घुसपैठ र आपराधिक गतिविधिमा कमी आउने विश्वास लिइएको छ ।

## सुनसरीबाट ४ जिपिए ल्याउने ४३ जना

इटहरी । राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा सुनसरी जिल्लाबाट ४३ जना विद्यार्थीले ४ जिपिए ल्याएका छन् ।

जिल्लाका सामुदायिक तथा संस्थागत दुवै विद्यालयका विद्यार्थीहरूले सो नतिजा हासिल गरेका हुन् । सामुदायिक विद्यालयतर्फ बाँकी 4 पेजमा ▸▸

## मध्यमवर्गीय परिवारको बोझ घट्ने

**दमक/** सरकारले मध्यम वर्गीय परिवारमाथिको बोझ घटाउने नीति लिएको जनाएको छ । सोमबार संसदको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मध्यम वर्गीय परिवार माथिको बोझ घटाउने जनाएका हुन् । उनले भने,'करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय माथिको बोझ घटाइनेछ ।' उनको अनुसार सूचना प्रविधिलाई राष्ट्रिय उद्योग घोषणा गरि एआई निर्यात प्रवर्द्धन गरिने नीति सरकारले लिएको छ । साथै, विदेशी लगानी सम्बन्धी कानुन संशोधन गरी स्वचालित मार्ग बाँकी 4 पेजमा ▸▸

## क्षति भएका सम्पत्ती लिलाम गर्ने

**दमक/** कोशी प्रदेश सरकार मन्त्रीपरिषद्ले जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएका भौतिक तथा सवारी संरचनासम्बन्धी सामग्री लिलाम बिक्री गर्ने निर्णय गरेको छ ।

मन्त्रीपरिषद् बैठकले विभिन्न नीतिगत तथा प्रशासनिक निर्णय गरेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले जानकारी दिए ।बैठकले कानुन, न्याय तथा प्रदेश मामिला समितिबाट परिमार्जित विपद् खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कार्यविधि-२०८३ स्वीकृत गर्ने निर्णय गरेको छ । यस्तै, समितिबाट परिमार्जित प्रदेश बीउबिजन नियमावली-२०८३ लाई पनि स्वीकृति प्रदान गरिएको छ । प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली-२०८३ स्वीकृत गर्ने तथा उद्योग, कृषि तथा सहकारी मन्त्रालयका अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ । बाँकी 4 पेजमा ▸▸

## राई पद मुक्त

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभाका सचिव हर्कराज राईलाई पदबाट हटाएका छन्।

राष्ट्रपति कार्यालयका अनुसार उनलाई २०८३ वैशाख २९ गते मंगलबारदेखि लागू हुने गरी पदमुक्त गरिएको हो।

सभामुख डोल प्रसाद अर्यालले वैशाख २८ गते राईलाई पदबाट हटाउन गरेको सिफारिसका आधारमा राष्ट्रपतिले यो निर्णय लिएका हुन्।

## सीमाबाट विदेशीसहित चार जना पक्राउ

**दमक/** झापा हुँदै नेपालबाट भारत प्रवेश गर्न खोजेका दुई थाई नागरिकसहित चार जना पक्राउ परेका छन् । भारतको पश्चिम बंगालस्थित नक्सलबारी क्षेत्रमा एसएसबीले विशेष अभियान चलाएर उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा दुई थाई महिला, एक नेपाली र एक भारतीय नागरिक रहेका छन् । प्रहरीका अनुसार उनीहरु अनधिकृत बाटो प्रयोग गरेर भारत प्रवेश गर्न खोजिरहेका थिए । उनीहरूसँग कार, मोबाइल फोन, पासपोर्ट, आधार कार्डलगायतका कागजात बरामद गरिएको छ । प्रारम्भिक अनुसन्धानमा पक्राउ परेका थाई महिलाहरु 'थाइ मसाज' व्यवसायमार्फत यौन व्यापार सञ्जालसँग जोडिएको आशंका गरिएको छ । घटनालाई मानव तस्करी तथा अन्तर्राष्ट्रिय सञ्जालसँग जोडेर अनुसन्धान भइरहेको भारतीय सुरक्षा एजेन्सीहरूले बताएका छन् । पक्राउ परेकालाई थप कारबाहीका लागि नक्सलबारी प्रहरीलाई बुझाइएको छ ।

## पत्रकार उपचार कोषलाई सहयोग

**बिर्तामोड**/ बिर्तामोडस्थित परिवेश मिडियाका सम्पादक पुष्प खड्काले आफ्नो जन्मोत्सवको अवसर पारेर नेपाल पत्रकार महासंघ झापाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा सहयोग गरेका छन् । पत्रकार महासंघ झापाका सदस्य तथा प्रेस सेन्टर नेपालका जिल्ला अध्यक्ष समेत रहेका खड्काले जन्मोत्सवको अवसरमा मंगलबार ११ हजार एक सय ११ रुपैयाँ सहयोग प्रदान गरेका हुन् । खड्काले पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी र कार्यसमिति सदस्य बिनोद पाण्डेलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् ।

नेपाल पत्रकार महासंघ झापाले स्थापना गरेको उक्त उपचार कोषको व्याजमार्फत जिल्लाका संचारकर्मीहरुको उपचारमा बाँकी 4 पेजमा ▸▸

## नेपाली सेनाद्वारा सडक हस्तान्तरण

**संखुवासभा**/ संखुवासभाको भोटखोला गाउँपालिकास्थित च्याम्ताङ-घोङ्गप्पा सडक निर्माण सम्पन्न गरि नेपाली सेनाले सडक विभागलाई हस्तान्तरण गरेको छ। खाँदबारी-किमाथाङ्का सडकखण्डअन्तर्गत पर्ने उक्त सडक सोमबार एक कार्यक्रमबीच उत्तर-दक्षिण (कोशी) सडक योजनालाई हस्तान्तरण गरिएको हो । सेनाले जिम्मेवारी पाएको १० दशमलव ८१ किलोमिटर सडक उत्तर दक्षिण कोशी सडक कार्यालयलाई हस्तान्तरण गरिएको आयोजना प्रमुख प्रमुख सेनानी शम्शेरबहादुर सिंहले जनाए । सडक निर्माण सुरु भएको करिब पाँच वर्षपछि सेनाले उक्त सडकखण्ड सम्पन्न गरेर हस्तान्तरण गरेको आयोजना प्रमुख सिंहले बताएका छन् ।



सडक हस्तान्तरण कार्यक्रममा रक्षा मन्त्रालयका उपसचिव रामेश्वर पोखेल र प्रेमप्रसाद न्यौपाने सडक उत्तर दक्षिण कोशी सडक कार्यालयका प्रमुख रामबहादुर गुरुङसहितको उपस्थिति रहेको थियो । सेनाले २०७७ फागुन बाँकी 4 पेजमा ▸▸

## सवारी दुर्घटनामा चारको मृत्यु

**दमक/** अर्घाखाँचीमा मंगलबार भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या ४ पुगेको छ । ज्यान गुमाउनेमा ३ महिला र १ पुरुष रहेका छन् । सुपा देउराली मन्दिरको दर्शन गरी फर्कँदै गरेका पर्वतका यात्रु सवार रिजर्भ बस पाणिनी गाउँपालिका-८ दुर्गाफाँटस्थित कुडेलेमा दुर्घटनामा परेको हो । दुर्घटनामा मृत्यु भएकाहरूको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक दिवस जिसीले जानकारी दिए ।

करिब ३० जना सवार उक्त बस सडकबाट करिब १ सय मिटर तल खसेको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएकाहरूको तत्काल उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल अर्घाखाँची र मिसन अस्पताल पाल्पा पठाइएको छ ।


**कर्मचारी आवश्यकता**

यस गोल्डेन गेट बचत तथा ऋण सहकारी संस्था लि दमक–६ झापालाई **बजार प्रतिनिधि** पदमा कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

तपसिल :

- पद : **बजार प्रतिनिधी** ♦ संख्या : केहि
- शैक्षिक योग्यता : न्युनतम एस.एल.सी/एस.ई.ई
- आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रतिलपि १ थान,
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि १ थान, पिपि साईजको फोटो ।
- परिक्षाको किसिम : लिखित/मौखिक/प्रयोगात्मक
- आवेदन दिने मिति : २०८३/०१/३० देखि जेठ ०२ गते कार्यालय समयभित्र
- अन्य योग्यता : स्थानीय, मोटरसाइकल र स्कुटरको चलाउन सक्ने ।

नोट :इच्छुक व्यक्तिले हस्तलिखित निवेदनदिनु पर्ने छ ।

**गोल्डेन गेट वचत तथा ऋण सहकारी संस्था लि.**
दमक–६, थानारोड,(फोनः ०२३–५७५१२४/९८०१४५२९९४)

## सम्पादकीय

# मानव-हात्ती द्वन्द्व, दिगो समाधानको खाँचो

झापामा वर्षौंदेखि जंगली हात्तीको समस्या गम्भीर सामाजिक, आर्थिक तथा मानवीय चुनौतीका रुपमा कायम रहँदै आएको छ । विशेषगरी जिल्लाको पूर्वोत्तर क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दा हरेक वर्ष हात्तीको आक्रमण, बाली नष्ट, घरगोठमा क्षति तथा मानवीय दुर्घटनाबाट पीडित हुँदै आएका छन् । भारतको सीमावर्ती जंगल क्षेत्रबाट नेपाल प्रवेश गर्ने जंगली हात्तीहरु रातिको समयमा गाउँबस्तीमा पस्ने, खेतबारीमा लगाइएको धान, मकै, केरा लगायतका बाली नष्ट गर्ने तथा कतिपय अवस्थामा मानिसमाथि समेत आक्रमण गर्ने गरेका छन् । यसले स्थानीय नागरिकको दैनिक जीवन त्रासपूर्ण बनाएको छ ।

हात्ती नियन्त्रणका लागि विभिन्न समयमा सोलार तारबार, विद्युतीय घेराबारा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि ती उपाय दीर्घकालीन रुपमा प्रभावकारी बन्न सकेका छैनन् । विशेषगरी सोलार तारबारको नियमित मर्मतसम्भार अभाव, प्रविधिगत कमजोरी तथा पर्याप्त निगरानी नहुँदा अहिले ती अधिकांश संरचना निस्प्रभावी बन्दै गएका छन् । कतिपय स्थानमा तारबार बिग्रिएको महिनौं बित्दा पनि मर्मत नहुँदा हात्तीहरु सहजै गाउँ प्रवेश गर्ने अवस्था सिर्जना भएको छ । यसले स्थानीय बासिन्दामा सरकारप्रति असन्तुष्टि बढाएको छ ।

मानव-वन्यजन्तु द्वन्द्व केवल स्थानीय समस्या मात्र नभई राष्ट्रिय सरोकारको विषय हो । त्यसैले यसको समाधानका लागि संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबीच समन्वय आवश्यक छ । सीमावर्ती क्षेत्रमा आधुनिक प्रविधियुक्त विद्युतीय घेराबारा निर्माण, नियमित मर्मतका लागि छुट्टै बजेट व्यवस्था, हात्तीको आवागमन निगरानी गर्ने प्रणाली विकास तथा प्रभावित नागरिकलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने नीति प्रभावकारी रुपमा लागू गरिनुपर्छ । साथै, नेपाल र भारतबीच सीमा क्षेत्रमा वन्यजन्तु व्यवस्थापनका लागि संयुक्त सहकार्य आवश्यक देखिन्छ ।

यस समस्यालाई केवल जोखिमका रुपमा हेर्नेभन्दा अवसरका रुपमा रुपान्तरण गर्न सकिए दिगो विकासको आधार तयार हुन सक्छ । हात्ती संरक्षण र व्यवस्थापनलाई व्यवस्थित गर्दै वन्यजन्तु पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना पनि उत्तिकै बलियो छ । यदि हात्तीको प्राकृतिक वासस्थान संरक्षण, सुरक्षित करिडोर निर्माण तथा व्यवस्थित हात्ती पर्यटन विकास गर्न सकियो भने आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ। यसबाट स्थानीय समुदायले रोजगारी, आयआर्जन तथा आर्थिक विकासका अवसर प्राप्त गर्न सक्छन् ।

त्यसैले झापामा वर्षौंदेखि कायम हात्ती समस्यालाई दीर्घकालीन रणनीति, प्रभावकारी पूर्वाधार तथा सरकारी प्रतिबद्धतामार्फत समाधान गर्नु आजको आवश्यकता हो । मानव र वन्यजन्तुबीचको द्वन्द्व न्युनिकरण गर्दै सहअस्तित्वको वातावरण निर्माण गर्न सके आर्थिक तथा मानवीय क्षति रोक्नुका साथै दिगो विकास र पर्यटन प्रवर्द्धनको नयाँ आधार तयार गर्न सकिनेछ ।

# सरसफाई सप्ताह शुरु

**दमक/** 'स्वच्छ प्रशासनको नयाँ संकल्प' सोमबार देखि देशभर सुरू गरिएको 'सरसफाइ सप्ताह' शुरू भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहेताले वीर अस्पतालबाट अभियानको शुभारम्ब गरेकी हुन् ।

सरकारले सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ र वातावरणमैत्री बनाउन सोमबार देखि आगामी जेठ १ गतेसम्म देशभर 'सरसफाइ सप्ताह २०८३' सञ्चालन गर्न लागेको छ । सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै सरकारी कार्यालयका साथै सार्वजनिक शैक्षिक संस्थासमेत समेट्ने गरी यो अभियान सञ्चालन गरिने प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयले जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले एक विशेष मार्गदर्शन जारी गर्दै सङ्घीय मन्त्रालयदेखि स्थानीय तहसम्मका सबै निकायलाई यस अभियानमा सक्रिय सहभागी हुन निर्देशनसमेत दिएको छ ।यस अभियानले सरकारी निकायमा न्यून लागतमा अधिकतम प्रतिफल प्राप्त हुने गरी सरसफाइ मापदण्ड कार्यान्वयन गर्ने लक्ष्य सरकारले जारी गरेको 'सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८३' मा उल्लेख छ । त्यसै गरी सरकारी निकायमा स्वच्छ र सुरक्षित कार्य वातावरण कायम गर्न प्रभावकारी सरसफाइ व्यवस्थापन आवश्यक रहेको सो मार्गदर्शनमा जनाइएको छ ।

नेपालको सबैभन्दा होचो स्थान कचनकबलमा समेत कालोपत्र सडक पुर्याइएको छ । होचो स्थान हेर्नका लागि बाह्य तथा आन्तरिक पर्यटक अब राजमार्गबाट एक घण्टाभन्दा कम समयमा कचनकबल पुग्न सक्ने कचनकबल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले बताएका छन् ।

# नेप्सेमा गिरावट

**दमक/** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक ३९ दशमलव ४४ अंकले ओरालो लागेर दुई हजार सात सय ४४ दशमलव ४० मा सीमित भएको छ । यो एक दशमलव ४१ प्रतिशतले गिरावट हो । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव १५ अंकले ओरालो लागेर ४६९ दशमलव २६ मा सीमित भएको छ । कुल एक करोड छ लाख ७८ हजार ५५० कित्ता सेयर रू चार अर्ब ६६ करोड ५० लाख २० हजार ६७७ मूल्यमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा नेसनल हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स, रिडी पावर कम्पनी, शिवम् सिमेन्ट र एवाइ प्यानल लिमिटेड शीर्षस्थानमा छ । नेप्सेका अनुसार, धौलागिरि लघुवित्त वित्तीय संस्था, एसबिएल डिबेन्चर, एनआइबिएल समृद्धि फन्ड दोस्रो, एनआईसी एसिया डिबेन्चर र नेपाल एसआईबी बैंक डिबेन्चरका लगानीकर्ताले कमाए ।

# बाल मनोबिज्ञान बुझ्नु जरूरी !



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**अबका दिनमा विद्यालयमा राजनीति भन्दापनि शिक्षाको गुणस्तर बढाउन अनि बालबालिकाको मनोबिज्ञान बुझेर ठोस कदम चाल्न शिक्षक, अभिभावक, सरोकारवाला निकायहरुको ध्यान जान जरुरी छ । साथै हामी सबै जिम्मेवार बन्न पनि उत्तिकै आवश्यकता छ ।**

शिक्षा ब्यक्तित्व विकासको मूल आधार हो । शिक्षाबिना ब्यक्तिको कुनैपनि पक्षको विकासको परिकल्पना गर्न सकिन्न । त्यसमा पनि विशेषत : प्राथमिक तहको शिक्षा बालबालिकाहरूको अधिकारको विषय हो । प्राथमिक तहको शिक्षा समाजमा भए रहेका सबैले बिना कुनै भेदभाव शिक्षा पाउनुपर्छ । बालबालिकाका प्रमुख अधिकारहरू मध्ये बाच्न पाउने अधिकार , संरक्षण पाउने अधिकार, विकास गर्ने अधिकार र सहभागी हुने अधिकार पर्दछन । विशेषत : यी अधिकारहरूलाइ प्राथमिक शिक्षाको अवसरलाई प्रदान गर्नु तपाईं हामी शिक्षक र अभिभावकहरूको प्रमुख दायित्व हो । बालबालिकाहरूलाई आत्मनिर्भर बनाउन शिक्षक र अभिभावकको महत्वपूर्ण भूमिका रहन्छ । बालबालिकालाई सामाजिक मेलमिलाप, सहयोग तथा अतिरिक्त क्रियाकलाप गर्नका लागि प्रोत्साहित गर्न सकेमा मात्र त्यो बालक असल नागरिक बन्न सक्दछ । शारीरिक रूपमा विकृति एवम मानसिक र संवेगात्मक रूपमा विकारयुक्त बालबालिकाको लागि बेग्लै खालको छुट्टै विद्यालय ब्यबस्था गरी प्रकृति अनुरूप, रूचि आवश्यकता अनुरूप शिक्षाको ब्यबस्था गर्नु आजको आवश्यक्ता हो । तर हिजोदेखि आजसम्म बनेका सरकारहरूले अहिलेसम्म उनीहरूका लागि केहीपनि नयाँ योजनाको तर्जुमा गर्न सकेको देखिन्न । भन्न त - "बालबालिका भनेका भविष्यका कर्णदार हुन " भनेर सस्तो लोकप्रियताका लागि ठूल्ठूला भाषण त नेताहरूले गर्छन तर उनीहरूको मनोबिज्ञान खासै बुझेर कदम चालेको पाइन्न । यहाँ बालबालिकाका लागि विशेष योजनाका साथ करोडौं करोडको रकम बालबालिकाका लागि छुट्ट्याइन्छ तर कहाँ लगानी गर्ने ? के गर्ने ? भन्ने कुनै योजनै गरेको देखिन्न । बालअधिकारका नाराहरू गुन्जायमान हुन्छन, अनेक कार्यक्रम हुन्छ । एनजिओ र आइएनजिओ त कति छन कति भएपनि उनीहरूका निम्ति कुनै खासै राम्रो काम राज्यले गरेकै छैन । आज गरिब दु:खी जनताका छोराछोरीहरू न पढ्न पाएका छन, उनीहरूको बर्तमान अवस्था कस्तो छ ? त्योसम्म अन्वेषण गरेको देखिन्न । आज स - साना उमेरका बालबालिकाहरू खोलामा छन भने कति त बोरामा प्लास्टिक बटुल्न बाध्य छन । हामी देख्छौ कि कति होटलहरूमा " बालश्रम मुक्त होटल "टाँसिएका प्लेकार्ड भेटिन्छ होटलैमा तर भित्र कति उमेर समूहका बालबालिकाहरू कामदारका रूपमा काम गरिरहेका होलान भन्ने कुराको बोध गरेर अनुसन्धानसम्म कुनै सरोकारवाला निकायले गरेको देखिन्न । बालबालिका र अभिभावकलाई सङ्गै राखेर न कुनै ठूल्ठूला कार्ययोजना र परियोजनासम्म गर्न सकेका छन सम्बन्धित निकायले । बरू सेमिनारका निम्ति करोडौं खर्च गरेर बालुमा पानी हालेर उनीहरूको मागलाई तुहाइदिने उपल्लो निकाय अहिलेपनि चलायमान छन । आज बालबालिकाहरू हिंसाको शिकार, बलात्कार, यौनजन्य र आपराधिक गतिविधिमा संलग्न छन त्यसको सुक्ष्म अध्ययन अवलोकन गरेर कसरी सुधार्न सकिन्छ भन्ने सोच सम्म राख्न सकेका छैनन्, घरका अभिभावक र विद्यालयका शिक्षक तथा शिक्षिकाहरूले । कक्षा कोठा बालमनोबिज्ञानका कुराहरू र नैतिक आचरणका कुराहरु उनीहरु सिकाएको देखिन्न । शिक्षक र अभिभावकहरूले बालबालिकाहरू स्वभावगत रूपमा मानसिक रूपमा, प्रतिभावना, तीक्ष्ण बुद्धि, मन्द सिकारू, पछौटे, सुस्त मनस्थिति र यसैगरी शारीरिक रूपमा लङगडो, बहु अपाङ्ग अनि संवेगात्मक रूपमा डरपोक, लजालु, चिन्ताग्रस्त, मनोविकृति र रिसाहा हुन्छन भन्ने कुराको सामान्य जानकारीसमेत नगरी उनीहरूलाई कुट्ने, पिटने, यातना दिने, डर देखाउनेसम्म गरेको हामीले देख्न सक्छौं । हामी बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमी भएपनि अबुझ किन भएका छौं ? ती साना - साना बालबालिकाहरूको मनोबिज्ञान किन बुझ्न सक्दैनौ ? कुनैपनि बालबालिका होस या प्रौढ उ प्रसङशा र माया ममताको भोको हुन्छ । कुनैपनि विद्यार्थीले कुनैकाम गर्ने प्रयास गर्दा, कुनै गल्ती गरेमा वा नमिलेमा उसलाई निराशा झल्काएर गालीगलौज गर्ने, पिटने वा कुनै किसिमको शारीरिक दण्ड दिने गर्दा उसले आफूले गरेको दु:खपूर्ण प्रयास खेर गएको सम्झन्छ र त्यो बालकले भित्र - भित्रै बरबर्ती आँसु खसाल्छ । त्यो आँसु खसालेकै बेलामा शिक्षकले अझै यातना दिएमा उसले कहिल्यैपनि आफ्नो मानसिक अवस्थालाई सन्तुलनमा राख्न सक्दैन । उसमा दिन्दिनै निराशापन छाउछ । भित्री मनोबिज्ञानमा गहिरो असर पर्दछ भने सकारात्मक सोच कहिले पलाउदैन त्यो बालकको वृद्धि विकासमा । शिक्षक र अभिभावकले उसलाई हौसलाको बदलामा गाली, दण्ड तथा अपमान र लज्जित बनाउने कामले गर्दा उसभित्र नयाँ - नयाँ कल्पना अनि विषयवस्तुप्रति जागरूक प्रयासहरू क्रमश : दमन हुँदै जान्छन । यस्तो अवस्थामा ती बालबालिका विद्यार्थीहरू कुनै पनि कामप्रतिको हौसला , उत्प्रेरणा , साहस र जिज्ञासा गर्ने बानीलाई क्रमिक रूपमा लुकाउदै जान्छन । शिक्षकहरूप्रति उसको सोध्ने र त्यसको सही समाधान गर्न नसक्ने बानीको विकास हुन्छ । वास्तवमा यसो हुनु भनेको नै त्यो बालक मनोबैज्ञानिक रूपले सबै कुरामा ठूलो क्षति हुनु हो । आज सामुदायिक विद्यालय भन्दापनि निजी तथा संस्थागत विद्यालयमा हेर्नुहोस कि साना - साना बालबालिकाहरूले विद्यालय जादा उनीहरूले बोकेका झोला यति गह्रौ हुन्छ कि त्यो समेत बुझेर उनीहरूलाई नबोक्न आग्रह गरेको देखिन्न । हामीमा अधिकारको भावना बालबालिकाप्रति कहिलेपनि सकारात्मक चिन्तन भएको देखिन्न । यस्ता नकारात्मक सोच र प्रवृतिले गर्दा आज स-साना बाल बालिकाहरू शिक्षाबाट बन्चित हुन पुगेका छन ।

राज्यले सहरकेन्द्रीत बालशिक्षा हेर्छ तर पहाडी इलाकाका झुपडीमा नजर जादैन उनीहरुको किन ? यहाँ बालअधिकारको कुरा गरेर कहिले नथाक्ने अनि उनीहरूलाई शिक्षा क्षेत्रबाट बन्चित गराउने परिपाटीको अब अन्त्य हुनुपर्यो । आज सामुदायिक तथा निजी विद्यालयहरूमा राज्यले लगानी गर्छ तर अध्ययन , अध्यापन कसरी भइरहेको छ अनि बालबालिका मैत्री छ या छैन त्योसम्म अनुगमन तथा नियमन गरेको देखिन्न । कति सामुदायिक विद्यालयमा विद्यार्थीभन्दा शिक्षक बढी छन भने कतिमा ५० जनाभन्दा बढी विद्यार्थी छन त्यहाँ शिक्षकहरूको दरबन्दी छैन । यसलाई कसरी ब्यबस्थापन गरेर बालबालिकाको भविष्य निर्माण गर्न सकिन्छ भन्ने सोच सम्बन्धित सरोकारवाला निकायहरूमा चेतनाको बिकास हुन सक्नुपर्यो । अबका दिनमा विद्यालयमा राजनीति भन्दापनि शिक्षाको गुणस्तर बढाउन अनि बालबालिकाको मनोबिज्ञान बुझेर ठोस कदम चाल्न शिक्षक, अभिभावक, सरोकारवाला निकायहरूको ध्यान जान जरूरी छ । यसमा तपाईं हामी सबै जुटौं ।

# किराती जी, यो त बढिनै भएन र ?

रामप्रित चौधरी

श्रम संस्कृती पार्टीमा प्रवेश गरि वरिष्ठ नेता बने लगत्तै सुदन गुरूङ्ले अभिव्यक्ति दिए कि अब देशको नेतृत्व अब हाम्रो पार्टीले लिन्छ । तर उनलाई थाह हुनु पर्ने हो कि, देशको नेतृत्व भाषणबाट होईन जनमतबाट प्राप्त गरिन्छ भने । प्रत्यक्ष तीन र समानुपातिक चार गरि सात जना सांसद भएको पार्टी र त्यसमा पनि अरूद्वारा बनि बनाउ संगठनमा आएर नेता हुन साथ उनलाई यति भन्न कसरी हिम्मत आएको हो ? यो त बढिनै भएन र किराती जी ?

हुन त उनी आफै देश चलाउने अभ्यास गरि सकेर आएका नेता हुन् । विगतमा माओवादी हुँदा उनी मन्त्री समेत बनेका थिए । त्यस बेला आफ्नो पार्टी सरकारमा कसरी पुग्यो र आफु देश चलाउने ठाउँमा कसरी पुगेँ भन्ने उनले सम्झनु पर्ने हो । उनी देश चलाउने अभिलाषामा मात्र रोकिएनन् । उनले अहिले देश चलाई रहेकाहरूलाई राजनीतिक मर्यादा भन्दा बाहिर पुगेर गालि गर्न पनि भ्याए । हुन त 'नयाँ जोगी....के जाती' भने जस्तो नयाँ पार्टीमा आएर यति गर्नुलाई उनले राजनीतिक रूपमा स्वभाकि पनि माने होलान् । तर यतिको अनुभवी नेताले देश चलाउन चाँहिने अंक गणित र राजनीतिक संस्कार पनि सम्झनु पर्ने हो ।

हुन त यस्ता अभिव्यक्ति दिने उनी पहिलो मान्छे होईनन् । तर अरूले पनि यस्तै भन्छन्, त्यसैले मैले पनि बोल्दा के भयो त ? भन्ने हो भने त राजनीतिक संस्कार, सम्भयता र शिष्टताको के अपेक्षा पनि गर्नु ।

**अस्थिर राजनीतिक पृष्ठभुमी**

भोजपुरका सुदन किराती पूर्वमाओवादी नेता हुन् । उनी पर्यटन मन्त्री समेत बनेका थिए । तर जेनजी आन्दोलनपछि प्रचण्ड, माधव नेपाल सहितका नेताहरूले पार्टी एकता गरेर नेपाल कम्युनिस्ट पार्टी गठन गरेपछि त्यसमा असहमत हुँदै उनी प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)मा लागेका थिए । माओवादीका पूर्वउपमहासचिव जनार्दन शर्माको पहलमा खोलिएको प्रलोपामा सुदन किराती पाँच सदस्यीय अध्यक्ष परिषदको सदस्य थिए । फागुन २१ को निर्वाचनमा एक सिट पनि जित्न नसकेपछि पार्टी अहिले कमजोर अवस्थामा पुगेको छ ।

उता श्रम संस्कृति पार्टी भने निर्वाचनबाट संसदको पाँचौं ठूलो दल बनेको छ । निर्वाचनका बेलादेखि नै किराती श्रम संस्कृतिका पार्टीका नेताहरूसँग सम्पर्कमा रहेका उनी विभिन्न पार्टी र दर्शनलाई छोड्दै अहिले हर्कवादमा समाहित भएर कोशी प्रदेशको भावि मुख्यमन्त्रीको सपना देख्न थालेका छन् ।-मोरङ

# रेडक्रस कमल शाखाको साधारण सभासहित आँखा शिविर




**दमक/** झापाको कमल गाउँपालिकास्थित नेपाल रेडक्रस सोसाईटी कमल पालिका शाखाले सोमबार आफनो १३ औ बार्षिक साधारणसभा तथा प्रथम पालिका सभासहित निशुल्क आँखा शिविर आयोजना गरेको छ । कमल ५ मंगलवारेस्थित आफनै रेडक्रस भवनमा आयोजित सभामा संस्थाले बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथैं संस्थामा योगदान पु¥याउने चार जना पूर्व पदाधिकारी तथा सदस्यलाई सम्मान प्रदान गरिएको थियो । यसरी सम्मानित हुनेमा पूर्व उपसभापति चन्द्रकला भण्डारी, सदस्यहरू सुरेन्द्र लिम्बू, तुलसी तिवारी र सिताराम बाँस्तोला रहेका छन् ।

उनीहरूलाई कार्यक्रमका प्रमुख कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राइले सम्मानपत्र सहित सम्मान प्रदान गरे । सोहि अवसरमा संस्थाले सञ्चालन गरिआएको ल्याव सेवाको गुणस्तर अभिबृद्धि गराउन कमल ५ स्थित युनाईटेड बचत तथा ऋण सहकारी संस्थाले नगद ९ हजार ९ सय ९५ रूपिया संस्थाका अध्यक्ष ललित वान्तवा र सचिव लिलम पौडेलले संयुक्त रूपमा वितरण गरेका थिए ।

रेडक्रस कमल शाखा सभापति चन्द्र साहको अध्यक्षतामा भएको सभाका अवसरमा आयोजित निशुल्क आखा शिविरमा १५२ जनाले आँखाको परीक्षण सेवा पाउनुका साथैं स्वास्थ्य परामर्श प्रदान गरिएको सचिव पारषमणि राईले बताए । शिविर विर्तामोडस्थित मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा भएको थियो ।


पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## जानकारी



# गर्भवतीले खानै नहुने खानेकुरा

गर्भावस्थाको समयमा खानपानमा विशेष ध्यान दिनु आवश्यक छ, किनकि केही खानेकुराले गर्भपतनको जोखिम बढाउन सक्छन्। पोषणविद् केदार नेपालका अनुसार गर्भावस्थाको समयमा खानपान र जीवनशैलीमा विशेष ध्यान दिनु आमा र शिशु दुवैको स्वास्थ्यका लागि महत्वपूर्ण हुन्छ। गर्भवती महिलाहरु खासगरी काँचो तथा कम पाकेको खानेकुराबाट बच्नुपर्छ।

**गर्भपतनको जोखिम बढाउने मुख्य खानेकुराहरू यस प्रकार छन् :**

काँचो वा हरियो मेवा : खासगरी काँचो मेवामा हुने लेटेक्सले पाठेघरमा संकुचन पैदा गर्न सक्छ, जसले गर्भपतनको खतरा बढाउँछ।

**नपाकेको मासु र अण्डा** : राम्रोसँग नपाकेको मासु, माछा वा अण्डामा लिस्टेरिया वा साल्मोनेला जीवाणुहरु हुन सक्छन्, जसले भ्रूणलाई हानि पुर्याउँछ।

काँचो दूध र दुग्धजन्य पदार्थ : पास्चुरीकरण नगरिएको दूध वा चिजमा लिस्टेरियाको संक्रमण हुने डर हुन्छ।

**प्रशोधित मासु** : हट डग, डेली मीट वा ससेजहरूमा हानिकारक ब्याक्टेरिया हुन सक्छन्।

**अत्यधिक क्याफिन** : कफी, चिया वा चिसो पेय पदार्थको धेरै सेवनले पनि जोखिम बढाउन सक्छ।

अस्वस्थकर आहारः खराब पोषण र मोटोपनाले पनि हर्मोनल असन्तुलन गराई गर्भावस्थामा समस्या ल्याउन सक्छ।

**विशेष सावधान**

यी खानेकुराहरूका अलावा धूम्रपान र मदिरा सेवनले पनि गर्भपतनको जोखिम उच्च बनाउँछ।

## शिक्षा

# सरकारको नीति तथा कार्यक्रममा "शिक्षा"

**काठमाडौ/** सरकारले विद्यालय तहमा उपलब्ध गराउँदै आएको सबै छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने भएको छ। छात्रवृत्तिलाई योग्यतामा आधारित र डिजिटल प्रणाली मार्फत् व्यवस्थि तगर्ने सरकारले नीति अख्तियार गरेको हो। अब, छात्रवृत्ति रकमलाई सिधै बैंक खातामा भुक्तानी हुने व्यवस्था मिलाईने छ। संघीय संसदको बजेट अधिबेशन शुरु भएकै दिन संसदको दुबै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार प्रस्तुत गरेको आगामी बर्षको नीति तथा कार्यक्रममा उक्त प्रवन्ध समटिएको हो।

विभिन्न निकायबाट प्रदान हुने छात्रवृत्ति एकद्वार प्रणाली मार्फत् नहुँदा दोहोरिने, लक्षित वर्ग सम्म नपुग्ने जस्ता समस्या हुँदै आएको थियो। कतिपय अवस्थामा हुँदै नभएका विद्यार्थीका नाममा पनि छात्रवृत्ति रकम दुरुपयोग हुँदै आएको खबर सार्वजनिक हुँदै आएको थियो।

'विपन्न, सिमान्तकृत, दलीत अपागंता भएका पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने, स्वास्थ्य पोषण, छात्रवृत्ति आवासीय सुविधा सहितको सुरक्षित सिकाइ वातावरणलाई सुनिश्चित गरिने छ' नीति तथा कार्यक्रम वाचन गर्दै पौडेलले भने 'शिक्षालाई समता र समृद्धिको आधारका रुपमा स्थापित गरिने छ।'

विद्यालय नक्सांकन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधार एकिकृत योजना मार्फत् कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

'शिक्षक नियुक्ति, पदोन्नती र मूयाङ्कन प्रणालीलाई योग्यतामा आधारित पारदर्शी बनाईने छ' पौडेलले भने 'शिक्षकको पेशागत विकास, अभिलेख व्यवस्थापन र उचित पारिश्रमिक सुनिश्चित गरिने छ।' उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने पनि सरकारको नीति छ।

**कार्यक्रममा उल्लेख शिक्षाका मुख्य नीति**

- विद्यालय शिक्षालाई सिकाइ मुखि बनाईने छ।
- अटिजम भएका बालबालिकाका लागि थेरापी र प्रविधि सहितको विशेष तालिम प्राप्त शिक्षक र समावेशी विद्यालय प्रणाली विकास गरिने सरकारको नीति छ।
- मावि सम्म निशुल्क शिक्षा सुनिश्चित गरिने छ।
- पुस्तक, दिवा खाजा र पोशाकको सहज वितरण सहित शिक्षालाई गुणस्तरीय जीनपयोगी तथा राजगार मुखि बनाउँदै सबै तहको पाठ्यक्रमको समय सापेक्ष पुनरावलोकन गरिने छ।
- सार्वजनिक शिक्षामा दिर्घकालिन लगानी वृद्धि गर्दै निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखि र गुणस्तर केन्द्रित बनाउन स्वस्थ्य नियमन गरिने छ।
- ई-लर्निंग भर्चुअल कक्षा खुला डिजिटल सामग्री सहितको सिकाइ प्रणाली विस्तार गरिने, उच्च शिक्षालाई श्रम बजारसँग आवद्ध गराउईने छ।
- उच्च शिक्षाको पुर्नसंरचना गरिने छ।
- १० हजार सामुदायिक विद्यालयमा ईण्टरनेट, डिजिटल सामग्री एआईमा आधारित सिकाइ प्रणाली विस्तार गरिने छ।
- पाठ्यक्रम मूल्याङ्कन र प्रमाणिकरण प्रणालीको पुनरावलोकन र सुधार गरिने छ।
- विद्यालय तह देखि नै खेलाडी पहिचान गरिने छ।

सरकारले राजनीतिक दलहरूसँग सहकार्यमा संविधान संशोधन गर्ने घोषणा पनि गरेको छ। करको संरचना पुनरावलोकन गर्ने, सार्वजनिक नीति साझेदारीमा कृषि प्रणाली सुदृढ गर्ने, कृषि उत्पादनलाई उद्योग र बजारसंग जोड्दै वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई कृषिमा आर्कषित गर्ने, ग्रामिण अर्थतन्त्रलाई पुर्नजिवन दिन बहुपक्षीय लगानी वृद्धि गर्ने, खाद्यान्न आत्म निर्भरताका लागी नीति निर्माण गर्ने सरकारले नीति अख्तियार गर्ने राष्ट्रपति पौडेलले बताए। बैदेशिक रोजगारीलाई वाध्यतबाट विकल्पमा परिवर्तन गरिने, नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने कानूनी व्यवस्था गरिने कार्यक्रममा उल्लेख छ।

आगामी आर्थिक वर्ष समस्याग्रस्त सहकारी संस्थामा जनताले जम्मा गरेको बचत फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गर्ने घोषणा नीतिमा छ। विशेष आर्थिक क्षेत्रको विस्तार गर्ने, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्र लगायत उत्पादनमूलक क्षेत्रलाई औद्योगिक पर्यटन संग जोडिने सरकारको योजना छ। विदेशी लगानी सम्बन्धि कानून संशोधन गर्ने, सरकारले तोके भन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई लगानी भिसा उपलब्ध गराईने छ।


सरकारले आगामी दशकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। सडक पूर्वाधार निर्माणलाई तीव्रता दिने सरकारले घोषणा गरेको छ। यही नीति र कांक्रमका आधारमा सरकारले बजेट निर्माण गर्छ। बजेट भदौ १५ गते सार्वजनिक गर्नु पर्ने संविधानमै वाध्यकारी व्यवस्था छ।

## पुस्तक-साभार

# नेपालमा अमूर्त संस्कृतिको



डा. प्रेम खत्री




## एकताको प्रतीक गोरखा र अनेकताका स्वरहरू

समाज विकासको एउटा पाटो हो राजनीतिक विकास। मैदानमा खेलाडीको उपस्थिति भएपछि खेल ता हुन्छ नै। त्यसमा विजय-पराजय ता निश्चित नै हुन्छ। कुनै पराजय निकै कष्टकर हुन्छन् कुनै कम। त्यो समय र परिस्थितिले निर्धारण गर्ने कुरा हो। नेपालको एकिकरणमा पनि साना ठुला टीमका खेलाडीहरूबीच युद्धको खेल भयो र सानालाई ठुलाले पछार्ने काम भयो। तर एकिकरण ता भएरै छाड्यो। यसले सानो राज्य गोरखालाई ठुलो हैसियत दियो।

**तितो पोखाई**

अहिले गोरखाली शाह राजाहरूको नेतृत्वमा भएको नेपाल एकीकरण अभियानबारे सकारात्मक र नकारात्मक दुवैथरि टीप्पणीहरु पाइन्छन भने त्यो स्वाभाविक हो। तर गोरखाको गरिमा पनि इतिहासको एक अभिन्न अङ्ग भएको छ। त्यस गरिमालाई धेरै इतिहासकारहरूले आˆना शोध र लेखहरूका माध्यमले माथि उठाए। त्यसरी उठाउनेहरूमा एक अर्याल वंशीय विद्वान्प्रति स्मृतिउदगार व्यक्त गर्दै थप २-४ कुरा निजी विचारको रूपमा पोख्नु यस लेखकको उद्देश्य रहेको छ।

गोरखा राज्यको इतिहासका ज्ञाता र त्यस ज्ञानकै जीवित धरोहर पं. दण्डपाणि अर्यालसितको एउटा मात्र तर गतिलो भेट मेरा लागि निकै चिरस्मरणीय क्षण भएको छ त्यसैले त्यो क्षण एउटा भए पनि त्यो बहुल भएको छ। यसको मुख्य कारण के भने एम.ए.का विद्यार्थीको एउटा टोलीलाई नेपालको एकीकरणको खाका तयार गर्ने यशस्वी राजा पृथ्वीनारायण शाह र उनका सन्ततिको मुलद्वार गोरखा दरबारक्षेत्रको इतिहास र पुरातत्त्वको मोटामोटी ज्ञान विद्यार्थीका साथै आफूलाई हुनु आवश्यक ठानेर गोरखाको यात्रा गरिएको थियो। यही क्रममा गोरखा पुग्दा इतिहासविद्, साहित्यकार अर्याल गुरूलाई भेटिएको थियो।

'गोरखा राज्य वा स्थाननामले अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वरूप ग्रहण गरेको छ। यसले जनजिब्रोमा पनि बास गरेको छ, साहित्यमा त यसले उसबेला अर्थात् उदयनान्द कविका पालादेखि बिर्से नगर्ची सम्मका भावलाई डोर्याएको छ। विदेशमा भने 'गोरखा' शब्दले स्थान होइन, एउटा निर्भिक योद्धा-लडाकु, सैनिक वा बेलायती सेनामा जाने तयारीमा रहेको सफल रिकुट सम्मलाई बुझाउने रहेछ। जनजिब्रोको 'गोरखे लौरी'ले कडा प्रहार भन्ने अर्थ दिन्छ भने गोरखाली भन्नाले वीरताका खानी भन्ने नै बुझिन्छ। मध्य वा सुदूर पश्चिमतिर गए उनीहरूबाट पूर्वतिर बस्नेहरु सबै गोरखे हुन्छन्। गोरखाली फौजले त्यहाँ गरेका अत्याचारका कुरा पनि अझै सुन्न पाइन्छ। वीरताको प्रतीक, मारकाटमा पनि उत्रने तर नलत्रिने 'गोरखा' शब्दले राजनीतिक परिवर्तनका साथै अहिले उल्टै लत्रिनु र मार खप्नु पनि परेको छ। कारण जुन जातीय धरातलको सङ्गठित गुरिल्ला भन्न सकिने मोर्चा गोरखामा गठन भयो र त्यसले शाहवंशीय नेतृत्व पाएर सधैं कामयाव हुँदै, परिवर्तनको हुरी खडा गर्दै अघि बढ्दो त्यसको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने एकाइहरूका सचेत सन्ततिहरु अहिले गोरखालाई शाही उपनिवेश मिर्माण केन्द्रको रूपमा हेर्छन् वा त्यस्तो चेष्टा भैरहेछ। क्रमशः

# कोशीमा खेलकुद अध्यादेश स्वीकृत

झापा। कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले विपत् खोज उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि २०८३ स्वीकृत गरेको छ।

बैठकले प्रदेश खेलकुद ऐन पहिलो संशोधन अध्यादेश २०८३ स्वीकृत गरेको छ। यसैगरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८२ लाई समेत मन्त्रिपरिषद्ले स्वीकृति दिएको छ। सोमबार कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठक बसेको छ। मुख्यमन्त्रीको अध्यक्षतामा बसेको बैठकले प्रदेशको विकास र प्रशासनसँग सम्बन्धित विभिन्न निर्णयहरु गरेको छ।

बैठकले विपत् खोज उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि २०८३ लाई स्वीकृत गरेको छ। यसैगरी प्रदेश बीउबिजन नियमावली र प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली २०८३ लाई समेत बैठकले स्वीकृति प्रदान गरेको छ।

मन्त्रिपरिषद्ले उद्योग, कृषि तथा सहकारी मन्त्रालय मातहतका निकायहरूका लागि आगामी आर्थिक वर्षको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ। साथै, वृहत् विराट क्षेत्र विकास समितिको प्रमुख कार्यकारी निर्देशक छनोटका लागि सिफारिस समिति गठन गर्ने निर्णय भएको छ।

बैठकले २०८२ भदौ २३ र २४ गते भएको घटनामा आगजनी तथा तोडफोडबाट क्षति भएका सवारी साधन र मेसिनरी औजारहरु लिलामी बिक्री गर्ने प्रक्रियालाई अघि बढाउने निर्णय गरेको छ।

## स्वास्थ्य

# उपचारभन्दा रोकथाममा सरकारको जोड

**दमक/** सरकारले नसर्ने रोग नियन्त्रणका लागि उपचारभन्दा रोकथाममुखी नीति अवलम्बन गर्ने भएको छ। संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा क्यान्सरलगायत नसर्ने रोग नियन्त्रणका लागि जनचेतना, नियमित स्वास्थ्य परीक्षण तथा स्वस्थ जीवनशैलीमा आधारित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

सरकारले योग, ध्यान तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई विस्तार गर्ने, अत्याधुनिक अपांगता पुनःस्थापना केन्द्र स्थापना गरी प्रोस्थेटिक, फिजियोथेरापीलगायत विशिष्टीकृत सेवा उपलब्ध गराउने नीति पनि अघि सारेको छ। यस्तै स्वास्थ्य जनशक्ति विकासका लागि एकीकृत मानव संसाधन प्रणाली निर्माण गरिने तथा आयुर्वेद, प्राकृतिक र वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक आधारमा संस्थागत गरिने जनाइएको छ।

सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रका करिब १९ वटा बुँदा समेटिएका छन्। आधारभूत स्वास्थ्य सेवा विस्तार, डिजिटल स्वास्थ्य प्रणाली, रोग नियन्त्रण, मानसिक स्वास्थ्य तथा स्वास्थ्य बीमाको पुनर्संरचनालगायतका विषयलाई प्राथमिकतामा राखिएको छ। स्थानीय तहसम्म आधारभूत अस्पतालको पहुँच विस्तार गर्ने, टेलिहेल्थमार्फत दुर्गम क्षेत्रमा विशेषज्ञ सेवा पुर्याउने तथा महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि गर्ने योजना पनि सरकारले अघि सारेको छ।

त्यसैगरी रोग निगरानीका लागि 'सेन्टर फर डिजिज कन्ट्रोल', स्वास्थ्य गुणस्तर सुधारका लागि राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण तथा जैविक अनुसन्धानका लागि राष्ट्रिय प्रयोगशाला स्थापना गर्ने योजना सार्वजनिक गरिएको छ। अटिजम तथा न्युरोडाइभर्सिटी भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिने तथा स्वदेशी औषधि उत्पादनलाई प्रवर्द्धन गरिने नीति पनि कार्यक्रममा समेटिएको छ।

यद्यपि स्वास्थ्य क्षेत्रका जानकारहरूले भने नीति तथा कार्यक्रमले स्वास्थ्य प्रणालीको मूल समस्या समाधान गर्न नसकेको टिप्पणी गरेका छन्। स्वास्थ्य बीमा संकट, सरकारी अस्पतालमा जनशक्ति अभाव, उपचार खर्चकै कारण नागरिक गरिबीमा धकेलिनु तथा ग्रामीण क्षेत्रमा प्रभावकारी स्वास्थ्य सेवा अभावजस्ता विषय अझै सम्बोधन हुन नसकेको उनीहरूको भनाइ छ।

विशेषज्ञहरूले स्वास्थ्य क्षेत्रमा 'मेजर सर्जरी' आवश्यक रहेको अवस्थामा सरकारले 'मल्हमपट्टी' शैलीको सुधार मात्रै प्रस्ताव गरेको टिप्पणी गरेका छन्। स्वास्थ्य क्षेत्रको दीर्घकालीन संरचना, वित्तीय दिगोपन, डिजिटल स्वास्थ्य प्रणाली, स्वास्थ्य बीमालाई मुख्य वित्तीय आधार बनाउने स्पष्ट रोडम्याप तथा नागरिकको खल्तीबाट हुने खर्च घटाउने ठोस योजना अझै स्पष्ट नभएको उनीहरूको धारणा छ।

त्यसैगरी सुर्तिजन्य पदार्थ र चिनीजन्य पेयमा कर वृद्धि, जेरियाट्रिक सेवा विस्तार, मातृ तथा शिशु स्वास्थ्य, आपतकालीन स्वास्थ्य सेवा र निजी स्वास्थ्य क्षेत्र नियमनजस्ता महत्वपूर्ण विषय नीति तथा कार्यक्रममा पर्याप्त रूपमा समेटिन नसकेको टिप्पणीसमेत गरिएको छ।

# कार्यसमिति बिस्तारमा कोइराला असन्तुष्ट

**काठमाडौं/** नेपाली कांग्रेसका नेता शेखर कोइरालाले पार्टीको केन्द्रीय कार्यसमिति विस्तारप्रति असन्तुष्टि जनाउँदै सोमबार गरिएको मनोनयनले कांग्रेसको बृहत्तर एकतामा ठेस पुगेको बताएका छन्। सभापति गगन थापाले सोमबार विशेष महाधिवेशनमा सहभागी नभएका कोइराला समूह र देउवा समूहमा रहेका नेताहरूलाई समेटेर केन्द्रीय कार्यसमितिमा १९ जनालाई मनोनीत गरेका थिए।

सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै कोइरालाले पार्टीभित्र समग्र एकता कायम नगरी राष्ट्रिय राजनीतिमा कांग्रेसले प्रभावकारी भूमिका खेल्न नसक्ने उल्लेख गरेका छन्। उनले विगतको निर्वाचन परिणामले कांग्रेसलाई गम्भीर शिक्षा दिएको भन्दै पार्टीको एकता नै राष्ट्रको आवश्यकता भएको बताएका छन्।

कोइरालाले विभाजित कांग्रेसका कारण पार्टीले विगतमा ठूलो क्षति व्यहोर्नुपरेको उल्लेख गर्दै आम नागरिकको भरोसा र विश्वाससमेत कमजोर बनेको बताएका छन्। हालै सम्पन्न आम निर्वाचनको परिणामले कांग्रेसलाई नयाँ सोच, साझा दृष्टिकोण र भावनासहित अघि बढ्न प्रेरित गरेको उनको भनाइ छ।

उनले आगामी स्थानीय तह र प्रदेश निर्वाचनलाई चुनौतीपूर्ण रूपमा व्याख्या गर्दै जनताको विश्वास जित्न नसके कांग्रेसको राष्ट्रिय राजनीतिक औचित्यमाथि नै प्रश्न उठ्न सक्ने चेतावनी दिएका छन्। नेता कोइरालाले कांग्रेससँग आबद्ध युवा, संघर्षशील र त्यागी कार्यकर्ताको राजनीतिक भविष्य सुनिश्चित गर्न पार्टी भावनात्मक रूपमा एकताबद्ध हुनुपर्ने आवश्यकता औंल्याएका छन्। नागरिकमैत्री पार्टी निर्माणको दिशामा कांग्रेस अघि बढ्नुपर्ने उनको धारणा छ।

संविधानवाद र लोकतन्त्रमाथि 'पपुलिज्म' का नाममा आक्रमण भइरहेको अवस्थामा पनि कांग्रेस गुट-उपगुटमा विभाजित हुनु चिन्ताजनक रहेको उनले बताएका छन्। गुटबन्दीको अन्त्य जति छिटो हुन्छ, नेपालको लोकतान्त्रिक प्रणालीले त्यति नै चाँडो आफ्नो मौलिक मूल्य प्राप्त गर्ने उनको भनाइ छ।

कोइरालाले वैशाख २८ गते १९ जना केन्द्रीय सदस्य मनोनयन गरिएको प्रसंग उल्लेख गर्दै उक्त निर्णयले पार्टी एकतामा असर पुगेको टिप्पणी गरेका छन्।




आज मिति
२०८३ साल
वैशाख ३० गते
बुधबार
13 May 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाग्यको उदय। धन लाभ। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दुःख। खर्चमा वृद्धि। |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि। पढाइमा रुचि। |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर। बोलीले काम बन्ने। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग। धन लाभ। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च। शत्रुको भय। |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ। आफन्तबाट सहयोग। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति। रोजगारीको अवसर। |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि। मान्यजनको सहयोग। |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता। स्वास्थ्यमा समस्या। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि। व्यापारबाट लाभ। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति। मित्रबाट सहयोग। |

# पितृको स्मृतिमा केरुङ परिवारले दिए माङहिमलाई सहयोग

**दमक/** झापाको कमल गाउँपालिका वडा न. ७ मेमेङ टोलमा रहेको किरात युमा माङहिमलाई स्थानीय दाताले नगद तथा घण्टी सहयोग दिएका छन् । कमल ७ निवासी स्व. गौमाया लिम्बू केरूङको सोमबार छैठौ बार्षिक पूण्यतिथीका अवसर पारेर उनका परिवारजनले निर्माणाधिन माङहिमलाई रू १० हजार नगदसहित घण्टी प्रदान गरेका हुन् । माङहिमको भौतिक संरचना निर्माणमा सहयोग पुरयाँउन उक्त सहयोग प्रदान गरिएको सामाजिक अगुवा शान्ता केरूङले बताईन् ।

उक्त सहयोग रकम दाता परिवारका तर्फवाट शान्तासहित छोरी चेसुङ, भाई मोहन केरूङसहित परिवारका सदस्यहरूको उपस्थिति सो सहयोग संस्थाका उपाध्यक्ष पूर्णकुमार मावोसहित समितिका सदस्यहरूलाई हस्तान्तरण गरेकी थिईन् । दिवंगत गौमायाकी जेठी छोरी समेतरहेकी समाजसेवी शान्ताले माङहिमलाई ३७ हजार मूल्यको एक थान पित्तलको घण्टी दिएकी थिईन् । उक्त घण्टी करिव १७ केजीको रहेको छ । लिम्बू भाषिक गीतकार समेत रहेकी शान्ताले बर्षेनी आफनो आमाको सम्झनामा सामाजिक कार्यमा सहयोग पुरयाउँदै आएकी छन् ।

यसैगरी, बेलायतमा बस्दैआएका समाजसेवी गणेशबहादुर केरूङ र विरू केरूङले माङहिमलाई नगद १० हजार सहयोग दिएका छन् । माङहिमका जग्गादाता केरूङद्धय दिवंगत गौमायाका श्रीमान गणेशबहादुर र छोरा विरू हुन् । यसअघि समेत केरूङ परिवारले माङहिम स्थापना, भवन निर्माण लगायतका भौतिक कार्यमा सहयोग पुरयाँउदैं आएको माङहिमका उपाध्यक्ष पूर्णकुमार मावोले बताएका छन् ।

त्यहाँ किरात धर्मका अनुनायीहरूका लागि माङहिम स्थापना कर्मकाण्डहरू गर्न अहिले निर्माणाधीन भवनका कामहरू सम्पन्न हुने क्रममा पुगेको छ । माङहिम निर्माण समितिका संयोजक समेत रहेका उपाध्यक्ष पूर्णकुमार मावोले स्थानीयबासी,चन्दादाता, स्थानीय सरकारको करिव ३० लाख रूपैयाको लगानीमा मुख्य पूजास्थल, यज्ञकुण्ड, सेवासावासहितको कार्यालय कक्ष, घेराबेरा लगायतका काम पूरा हुने क्रममा रहेको बताए ।

## अन्तर्राष्ट्रिय

# इजरायली आक्रमणमा परी लेवनानमा ६ को मृत्यु

एजेन्सी । युद्धविराम सम्झौताको बाबजुद दक्षिणी लेबनानमा भएको इजरायली आक्रमणमा ६ जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएको त्यहाँको सरकारी मिडियाले जनाएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार सोमबार राति इजरायली सेनाले राजधानी बेरूतबाट ९५ किलोमिटर टाढाको सहर कफर डोनिनस्थित घरमा आक्रमण गर्दा ६ जनाको मृत्यु भएको हो ।

घाइतेहरूलाई उपचारको लागि तटीय सहर टायरको अस्पतालमा लगिएको एनएनएले जनाएको छ । इजरायल र लेबनानबीच अप्रिल -१७ मा युद्धविराम भएको भए पनि इजरायलले दक्षिण लेबनानमा आफ्नो आक्रमण जारी राखेको छ । स्वास्थ्य अधिकारीहरूका अनुसार लेबनान गत मार्च -२ मा मध्यपूर्व युद्धमा तानिएपछि दुइ हजार ८०० भन्दा बढी मानिस मारिएका छन् ।

लेबनानी नेताहरूले अमेरिकामार्फत इजरायललाई युद्धविरामको समयमा आक्रमण रोक्नका लागि दबाब दिइरहेका छन् । तर इजरायलले आक्रमण बन्द गरेको छैन ।

लेबनानसँगको सीमा नजिकैको लडाइँमा आ ँ नो एक जना सैनिक मारिएको उल्लेख गर्दै युद्ध सुरू भए देखि १८ जना सैनिक र एक जना नागरिकको मृत्यु भएको बताएको छ ।



*एसियन हाईवे अन्तर्गत हिमालयन टिस्टेट नजिक सडकमा उखुको जुस बेच्दै एक ब्यापारी । बजारमा भन्दा छुट्टै सुनसान स्थानमा मानिसहरु उखुको जुस खान रुचाउने उनी बताउँछन ।*

# बजेटमा समेटिने पाँच प्राथमिकता

**दमक/** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी बजेटका पाँच मुख्य प्राथमिकता पनि सार्वजनिक गरेका छन् । उनका अनुसार पहिलो प्राथमिकता 'सुशासनको लाभांश' रहनेछ ।

दोस्रो प्राथमिकतामा सन्निकटता र आर्थिक गतिविधि विस्तारका लागि एकीकृत पूर्वाधार विकास रहने उनले बताए । त्यस्तै, तेस्रो प्राथमिकतामा रेमिटेन्समा आधारित अर्थतन्त्रको निर्भरता घटाउने नीति रहनेछ । चौथो प्राथमिकतामा सामाजिक उन्नयन तथा मध्यम वर्गको विकासलाई जोड दिइने उनले बताए ।

पाँचौं प्राथमिकतामा 'सम्य शक्ति' अर्थात् राज्यको पर्यटन, संस्कृति जस्ता 'स ँ ट पावर' क्षमता विकासमा ध्यान केन्द्रित गरिने मन्त्री वाग्लेले बताए ।

उनले अन्तर्राष्ट्रिय सम्बन्धलाई पनि थप सुदृढ बनाउने सरकारको योजना रहेको उल्लेख गर्दै ४-५ वटा नयाँ नेपाली राजदूतावास स्थापना गर्ने तयारी भइरहेको जानकारी दिए । अर्थले बजेटको लागि १८९० अर्बको सिलिङ तोकेर विभिन्न मन्त्रालयमा पठाएको छ ।

# प्राख्रीबासमा भूमि प्रशासन सेवा

**धनकुटा/** धनकुटाको पाख्रीबास नगरपालिकाले भूमि प्रशासन सम्बन्धी सेवा सञ्चालनमा ल्याएको छ । यसअघि मालपोत कार्यालयमार्फत मात्रै उपलब्ध हुँदै आएको सेवा सोमबारदेखि नगरपालिकाबाटै सुरू गरिएको हो । नगरपालिकाले भूमि प्रशासनसम्बन्धी छुट्टै शाखा स्थापना गरी सेवा सुरू गरेको हो। सेवा शुभारम्भ कार्यक्रममा नगरप्रमुख ज्ञानबहादुर गुरूङले अब पाख्रीबासमै जग्गा पासको काम सुरू भएको जानकारी दिए। उनका अनुसार आगामी साउनदेखि कित्ताकाट, नामसारीलगायत मालपोत सम्बन्धी अधिकांश सेवा नगरपालिकाबाटै उपलब्ध गराइनेछ । हालसम्म सामान्य कामका लागि समेत जिल्ला सदरमुकाम वा मालपोत कार्यालय धाउनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै नगरप्रमुख गुरूङले स्थानीय तहबाट सेवा प्रवाह हुँदा समय, खर्च र झन्झट कम हुने बताए । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल पौडेलले भूमि प्रशासन शाखामा आवश्यक जनशक्ति तथा प्राविधिक व्यवस्थापन मिलाएर सेवा प्रवाहलाई व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउँदै लगिने बताए ।

सेवा शुभारम्भको अवसरमा नगरपालिकाले पहिलो सेवाग्राही निर्मला श्रेष्ठ र कल्पना दवाडीलाई सम्मान समेत गरेको छ। स्थानीयवासीले आ ँ नै पालिकाबाट भूमि सम्बन्धी सेवा पाउन थालेपछि खुसी व्यक्त गरेका छन्। नगरपालिकाबाट सेवा सुरू भएसँगै प्रशासनिक पहुँच बढ्नुका साथै ग्रामीण क्षेत्रका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने नगरप्रमुख गुरूङले बताए ।

# द एभरेष्टद्वारा बिरामीलाई सहयोग

**दमक/** दमक -५ बेलडाँगी रोडमा मुख्य कार्यालय रहेको द एभरेष्ट बचत तथा ऋण सहकारी संस्थाले झापाको कनकाई नगरपालिकास्थित सुरूङ्गाका एक अशक्त विरामीलाई नगद सहयोग प्रदान गरेको छ । दुवै हात, खुट्टा गुमाएका २६ बर्षिय उमेश खाँतीलाई संस्थाको एक टोली सोमबार घरमै पुगेर नगद १५ हजार ५ सय ५ रूपैया आर्थिक सहयोग उपलब्ध गराएका हुन् । संस्थाका अध्यक्ष दिपक खरेलसहित सञ्चालक समिति,लेखा समिति, कर्मचारी,शेयर सदस्यहरूको उपस्थितिमा सहयोग रकम हस्तान्तरण गरिएको संस्थाका प्रशासन प्रमुख धर्मानन्द भट्टराईले जनाएका छन् ।

सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थाले आर्थिक अवस्था कमजोर भएका खातीलाई नगद सहयोग प्रदान गरिएको उनको भनाई छ । उनका अनुसार महिना दिन अघि बैदेशिक रोजगारीका क्रममा दुवई गएका बेला दुवै हातखुट्टा काटनु पर्ने अवस्था सृजना भएको थियो । चिकित्सकले दुवईमा नै दुबै हात र खुट्टा काट्न सल्लाह दिएपनि त्यहाँ उपचार खर्च खर्चिलो हुनेभएपछि उनलाई कम्पन्नीले घर फर्काईदिएको थियो । घर फर्किए लगत्तै उनको काठमाण्डौमा शल्यक्रिया गरि हातखुट्टा काट्र नयाँ जीवन पाएका थिए । सत्र महिने छोरी र श्रीमतीसहित सुरूङ्गामा परिवारसहित बस्दैआएका खाँती परिवारले थप उपचारका लागि सहयोगको याचना गरिआएका छन् ।

# मेची महाकाली अभियान शुरु

**दमक/** मानव सेवा आश्रमले सडकपेटीमा कसैले पनि कष्टकर जीवनयापन गर्न नपरोस् भनेर 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८३' सुरू गरेको छ । पूर्वीनाका काँकरभिट्टास्थित मेची पुलमा सोमबार साँझ दीप प्रज्ज्वलन गरी सुरू भएको उद्धार यात्रा जेठ २२ गतेसम्म देशव्यापी रूपमा सञ्चालन हुने जनाइएको छ । आनी छोइङ डोल्मा फाउन्डेसनकी संस्थापक एवं गायिका आनी छोइङ डोल्मा, मानव सेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारी र मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीले शुभारम्भ समारोहमा शुभकामना मन्तव्य राखेका थिए ।

मानव सेवा आश्रमले विगत १३ वर्षदेखि सहयोगापेक्षी सडकआश्रित मानवहरूको उद्धार र सामाजिक पुनर्मिलनका लागि योगदान पुऱ्याउँदै आएको आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले बताए । आनी छोइङ डोल्मा फाउन्डेसनकी संस्थापक एवं गायिका आनी छोइङ डोल्माले मानवताको सेवा नै जीवनको सर्वोत्तम धर्म भएको धारणा राख्दै उद्धार अभियानमा सहयोग पुऱ्याउन सबै देशवासीलाई आह्वान गरिन् । आश्रम र फाउन्डेसनको सहकार्यमा तेस्रोपटक यो अभियान सञ्चालन गर्न लागिएको उनले जनाईन् ।

सातै प्रदेशका १९ जिल्लामा मानव सेवा आश्रमको २३ वटा शाखा सञ्चालनमा छन् । आश्रमले मुलुकको ७७ वटै जिल्लाबाट आफन्तको साथ गुमाएका सहयोगापेक्षी सडकआश्रित मानवहरूको उद्धार एवं तिनको मानवोचित व्यवस्थापन गराउँदै आइरहेको छ ।

***संस्थागत.......*** ४८ मध्ये ४ जना मात्र उत्तीर्ण हुँदा ८३३ प्रतिशत नतिजा आएको छ भने भुटानी मावि दमक-१ मा ३४ मध्ये १३ जना उत्तीर्ण भई ३८.२४ प्रतिशत नतिजा आएको छ । नगर क्षेत्रका सामुदायिक विद्यालयतर्फ कुल ८३५ जना परीक्षार्थी सहभागी भएकोमा ६२५ जना उत्तीर्ण भएका छन् भने संस्थागत विद्यालयतर्फ १ हजार १२१ जना सहभागीमध्ये १ हजार ८० जना उत्तीर्ण भएका छन् । समग्रमा दमक नगरपालिकाको औसत नतिजा ८८.२९ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ ।

राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको एसईई २०८१ को नतिजाअनुसार दमक नगरपालिकाबाट सामुदायिक तथा संस्थागत विद्यालय गरी कुल १ हजार ९ सय ५६ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । त्यसमध्ये सामुदायिक विद्यालयतर्फ ८३५ जना विद्यार्थी सहभागी भएकोमा ६२५ जना उत्तीर्ण भएका छन् भने २१० जना अनुत्तीर्ण भएका छन् । यसतर्फ औसत उत्तीर्ण प्रतिशत ७४.९१ रहेको छ ।

यस्तै संस्थागत विद्यालयतर्फ १ हजार १२१ जना विद्यार्थी सहभागी भएकोमा १ हजार ८० जना उत्तीर्ण भएका छन् भने ४१ जना अनुत्तीर्ण भएका छन् । संस्थागत विद्यालयको औसत नतिजा ९६.३४ प्रतिशत रहेको छ । समग्रमा दमक नगरपालिकाको एसईई नतिजा ८८.२९ प्रतिशत रहेको तथ्यांकमा उल्लेख गरिएको छ । शिक्षा क्षेत्रमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजा अपेक्षाकृत कमजोर देखिएको भन्दै शिक्षाको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन तथा नियमित अनुगमनमा ध्यान दिनुपर्ने आवश्यकता देखिएको स्थानीय शिक्षा सरोकारवालाहरूले बताएका छन् ।

***पत्रकार...*** सहयोग प्रदान गर्दै आएको छ। अध्यक्ष गिरीका अनुसार हाल कोषमा १ करोड २८ लाख रुपैयाँभन्दा बढी रकम संकलन भइसकेको छ। रकम हस्तान्तरण कार्यक्रममा महासंघ प्रदेश परिषद् सदस्य तुलसी निरौला, स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष नरेन्द्र ढकाल लगायतको सहभागिता थियो। आफूले झैं अरुले पनि जन्मोत्सव तथा अन्य अवसरमा पत्रकारको सामाजिक सुरक्षाका लागि स्थापित कोषमा सहयोग गर्न खड्काले आग्रह पनि गरेका छन्।

***एसईई....*** सोमबार राति एसईईको परीक्षाफल प्रकाशित भए लगत्तै सामाजिक सञ्जालमार्फत मन्त्री पोखरेलले समयमै सेवा प्रवाह गर्न सक्ने राज्य संयन्त्रको सामूहिक प्रतिबद्धता र कार्यक्षमताका कारण परीक्षाफल करिब एक महिनामै सार्वजनिक गर्न सकिएको बताएका हुन्।

उनले नतिजा प्रकाशनका लागि दिनरात खटिने सम्पूर्ण शिक्षक-शिक्षिका, कर्मचारी, राष्ट्रिय परीक्षा बोर्ड, सुरक्षा निकाय तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सबैप्रति हार्दिक आभार व्यक्त गरेका छन्। उनले सबै विद्यार्थीहरूलाई हार्दिक बधाइ तथा आगामी यात्राका लागि शुभकामना समेत व्यक्त गरेका छन्। मन्त्री पोखरेलले यही गति र सुधारलाई +२, स्नातक तथा स्नातकोत्तर तहसम्म विस्तार गर्दै परीक्षा प्रणालीलाई थप व्यवस्थित, छिटो, विश्वसनीय र विद्यार्थीमैत्री बनाउने दिशामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रतिबद्ध रहेको समेत बताएका छन्।

### असार १ देखि पुरक परीक्षा

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा असफल भएकाहरुका लागि पूरक परीक्षा सञ्चालन गर्ने मिति तय गरेको छ। बोर्डले सोमबार सार्वजनिक गरेको नतिजासँगै पूरक परीक्षा असार १ गतेदेखि सञ्चालन गर्ने जानकारी गराएको हो। बोर्डका अनुसार पूरक परीक्षा असार ९ गतेसम्म सञ्चालन हुनेछ। नन-ग्रेडेड (एनजी) भएका विद्यार्थीलाई लक्षित गर्दै परीक्षा सञ्चालन गर्न लागिएको जनाइएको छ। यस वर्षको एसईईमा नियमिततर्फ चार लाख ३० हजार ६६७ विद्यार्थी सहभागी भएका थिए। जसमध्ये दुई लाख ८४ हजार १६० विद्यार्थी ग्रेडेड भएका छन् भने एक लाख ४६ हजार ५०७ विद्यार्थी नन-ग्रेडेड भएका छन्। राष्ट्रिय परीक्षा बोर्डले पूरक परीक्षाको विस्तृत कार्यतालिका तथा परीक्षा केन्द्रसम्बन्धी जानकारी छिट्टै सार्वजनिक गरिने जनाएको छ।

### झापामा ७० प्रतिशत भन्दा बढि उत्तिर्ण

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ को नतिजाअनुसार झापा जिल्लामा ७० प्रतिशत भन्दा बढि विद्यार्थी उत्तिर्ण भएका छन्। जिल्लाका १० हजार ८३० जना विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएका छन् भने ४ हजार ५४२ जना विद्यार्थी ननग्रेडेड भएका छन्। राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजाअनुसार जिल्लाको समग्र उत्तीर्ण प्रतिशत ७०.४५ रहेको छ भने २९.५४ प्रतिशत विद्यार्थी ननग्रेडेड भएका छन्। यस वर्ष झापामा ४.०० जीपीए प्राप्त गर्ने ७ सामुदायिक विद्यालयबाट १३ जना र ३१ संस्थागत विद्यालयबाट ४३ जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन्। कुल ५६ जना विद्यार्थीले ४.०० जीपीए प्राप्त गरेको शिक्षा विकास तथा समन्वय इकाई झापाले जनाएको छ।

ग्रेड अनुसारको विवरण हेर्दा ३.६० देखि ४.०० जीपीएसम्म ल्याउने विद्यार्थी संख्या १ हजार ८११ रहेको छ। यस्तै ३.२० देखि ३.६० जीपीए ल्याउने ३ हजार ४२७ जना, २.८० देखि ३.२० जीपीए ल्याउने ३ हजार ५४६ जना, २.४० देखि २.८० जीपीए ल्याउने १ हजार ८५५ जना तथा २.०० देखि २.४० जीपीए ल्याउने १९१ जना रहेका छन्। झापामा कुल १५ हजार ३७२ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए। जिल्लाको समग्र नतिजाले अघिल्ला वर्षहरूको तुलनामा सकारात्मक सुधार देखाएको जनाइएको छ।

***सुनसरीबाट...*** जनसहयोग माध्यमिक विद्यालयकी युनिका नेपाल, जनता सेकेन्डरी स्कूलका आकृति दंगाल र आरजु रेग्मी, सरस्वती माध्यमिक विद्यालयकी निमिक्षा आचार्य तथा राष्ट्रिय माध्यमिक विद्यालयका अविगेल याख्खा र अलिशा दाहालले ४ जिपिए प्राप्त गरेका छन् ।

संस्थागत विद्यालयतर्फ ग्रीन पीस एकेडेमीका अर्पित न्यौपाने, निष्पा न्यौपाने, संगम अधिकारी, स्नेहा कार्की, युगीन भट्टराई र युना खड्काले उत्कृष्ट नतिजा ल्याएका छन् ।

त्यस्तै सरस्वती ज्ञानकुञ्जका भुवनदेव मेहता, कृतिका कुमारी झा, नेहारिका अख्तर साइबा, रमिज राजा, श्रेया झा, शुभम पोखरेल, श्लेष्मा खड्का, स्मृति यादव र सुयोग ढकालले पनि ४ जिपिए प्राप्त गरेका छन् ।

***मध्यम...*** लागू गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्ते उनले श्रम प्रदान निर्यात सम्भावना भएका कृषि प्रशोधन पर्यटन सेवा, हलुका उत्पादन र प्रविधिमा आधारित उद्योगको विस्तारका लागि रोजगारी आबद्ध उत्पादन क्षेत्र स्थापना गरिने पनि जानकारी दिए ।

***एसईई....*** २४ गते च्याम्ताङ-घोङ्गप्पा सडक निर्माण सुरु गरेको थियो । सेनाको विकास निर्माण निर्देशनालयअन्तर्गत निर्माण सम्पन्न गरिएको यो सडक अब स्थानीय नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण पूर्वाधारका रूपमा स्थापित भएको छ । खाँदबारी-किमाथाङ्का सडकखण्डको १६२ किलोमिटरमध्ये १० दशमलव ८१ किलोमिटर सडक निर्माणको जिम्मा सेनाले पाएको थियो । कडा चट्टान र भौगोलिक विकटता भएका कारण सेनाले हेलिकप्टरमार्फत निर्माण सामग्री ढुवानी गरेर सडक निर्माणको काम गरेको थियो । उत्तरी क्षेत्रमा पर्ने किमाथाङ्का नाका भौगोलिक हिसाबले दुर्गम क्षेत्र मानिन्छ । किमाथाङ्का-जोगबनी खण्ड छिमेकी देश चीन-भारत जोड्ने सबैभन्दा छोटो सडकका रूपमा मानिन्छ । कडा चट्टान फोर्न विस्फोटक पदार्थ आवश्यक पर्ने भएकाले २०७६ भदौ २२ गतेको मन्त्रिपरिषद् बैठकले सेनालाई सडक निर्माणको जिम्मेवारी दिएको थियो ।



## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारबिरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

*सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२



ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू
☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार: पंकज दाहाल